# बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७

**प्रस्तावनाः** बीमकको संस्थापक वा संस्थापक समूहको शेयर कारोबार (खरिद/ बिक्री, नामसारी, हक हस्तान्तरण, शेयर समूह परिवर्तन तथा धितोबन्धक) लाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन २०४९ को दफा ८(घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका, लागु गरेको छः-

परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७"** रहेको छ।

(२) यो निर्देशिका बीमा समितिले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) **"शेयर"** भन्नाले बीमकको संस्थापक शेयर सम्झनुपर्छ।

(ख) **"एकाघरको परिवार"** भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफैंले पालन पोषण गर्नु पर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनु पर्छ।

(ग) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ।

(घ) **"संस्थापक"** भन्नाले ऐन बमोजिम बीमा कम्पनी संस्थापना गर्नको लागि बीमक कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा तोके बमोजिम शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले बीमा समिति सम्झनु पर्छ।

(च) "**बीमक**" भन्नाले बीमा ऐन, २०४९ को दफा १० बमोजिम दर्ता भएको जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने संगठित संस्था सम्झनु पर्छ र सो शब्दले पुनर्बीमकलाई समेत जनाउँछ ।

परिच्छेद – २

## संस्थापक शेयरको खरिद बिक्री तथा नामसारी सम्बन्धी व्यवस्था

**३. संस्थापक शेयर खरिद/ बिक्री तथा नामसारी सम्बन्धी व्यवस्था:** (१) संस्थापक शेयरधनीहरुले संस्थापक शेयर खरिद/ बिक्री नामसारी गर्दा बीमक मार्फत समितिमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमकमा संस्थापक शेयर खरिद/ बिक्रीको लागि निवेदन प्रात भएपछि तोकिए बमोजिमको कागजात प्राप्त भए नभएको र खरिद गरि लिने निवेदक व्यक्ति वा संस्थाको कानून बमोजिम उपयुक्तताको जाँच (Fit and Proper Test) गरी बीमकको संचालक समितिको निर्णयसाथ स्वीकृतिको लागि **अनुसूची–१** बमोजिमको कागजात संलग्न गरी समितिमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएतापनि चुक्ता पूँजीको १ (एक) प्रतिशत भन्दा कम शेयर धारण गर्ने संस्थापक - संस्थापक बीचमा शेयर खरिद/ बिक्री गर्नु परेमा प्रचलित कानूनको रित पु-याइ खरिद/ बिक्री गरी सो को जानकारी १५ दिनभित्र समितिमा दिन सकिनेछ ।

तर, बिक्रीकर्ताको स्वामित्व चुक्ता पूँजीको १ (एक) प्रतिशत भन्दा बढी रहेको वा खरिद पश्चात खरिदकर्ताको स्वामित्व चुक्ता पूँजीको १ (एक) प्रतिशत भन्दा बढी हुने भएमा समितिको स्वीकृति लिनु पर्नेछ ।

(४) चुक्ता पुँजीको १ प्रतिशत भन्दा बढी संस्थापक शेयर धारण गरेको अवस्थामा त्यस्तो शेयर टुक्रा टुक्रा गरी वा एकमुष्ठ रुपमा संस्थापक समूहमा नरहेको व्यक्तिलाई शेयर बिक्री वा नामसारी वा हस्तान्तरण गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

**४. घरायसी नामसारी, पारिवारिक अंशबण्डा तथा मृत्यु पछिको नामसारी सम्बन्धी व्यवस्था:** (१) संस्थापक वा संस्थापक समूहको १ (एक) प्रतिशत भन्दा कम शेयर लिएका व्यक्तिको प्रचलित कानून बमोजिम पारिवारिक अंशबन्डा भएमा वा मृत्यु भई हकवालामा नामसारी गर्नुपर्ने भएमा वा तीनपुस्ता भित्र शेयरको

हस्तान्तरण हुने भएमा प्रचलित कानून बमोजिम रित पुर्याइ निजको हकदार वा निजले इच्छाएको व्यक्तिको नाममा शेयर नामसारी गरी सो को पन्ध्र (१५) दिन भित्र समितिलाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि १ (एक) प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीको हकमा भने समितिको स्वीकृति लिनु पर्नेछ, सोको लागि **अनुसूची-२** बमोजिमको कागजात संलग्न गरी पेश गर्नु पर्नेछ।

५. **संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन सम्बन्धी व्यवस्थाः** (१) बीमा व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त गरेको मितिले पाँच (५) वर्ष पूरा भएको बीमकको संस्थापक शेयरधनीले बीमकको कूल चुक्ता पूँजीको कम्तिमा ५१ प्रतिशत शेयर स्वामित्व संस्थापक शेयर समूहको कायम हुने गरी संस्थापकहरुको शेयर लगानीको अनुपातमा समानुपातिक रुप (Pro-rata basis) मा बढी हुन आउने शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्न सक्नेछन्।

(२) कुनै संस्थापक वा संस्थापक समूहमा रहेको शेयरधनीले सर्वसाधारण शेयर समूहमा परिवर्तन गर्न नचाहेको भनी स्वघोषणा गरेको अवस्थामा बाँकी रहेका सदस्यहरुले संस्थापक वा संस्थापक समूहको शेयर स्वामित्व ५१% भन्दा कम नहुने गरी त्यस्तो शेयर अनुपात उपयोग गर्न सक्नेछन्।

(३) दफा (१) बमोजिम संस्थापक वा संस्थापक समूहमा रहेको सेयरधनीले सर्वसाधारण सेयर समूहमा परिवर्तन गर्न चाहेमा त्यस्तो व्यहोरा बीमकको सञ्चालक समितिबाट निर्णय गरी त्यसको आधार सहित समितिमा पूर्व स्वीकृतिका लागि निवेदन दिनु पर्नेछ।

(४) संस्थापक समूहको स्वामित्वमा रहेको शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्दा पूँजी बजार, बीमा व्यवसायको स्थिति लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एक आर्थिक बर्षमा बढीमा १० प्रतिशत विन्दु सम्म कायम गर्न सकिनेछ।

(५) संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गरी कारोबार गर्न स्वीकृति प्राप्त भएपछि बीमकले कम्पनीको साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी शेयर संरचना मिलाउनु पर्नेछ।

(६) एकपटक सर्वसाधारण शेयरमा परिणत भैसकेको शेयर लाई पुनः संस्थापक वा संस्थापक समूहको शेयरमा परिणत गर्न पाइने छैन।

(७) बीमकको सञ्चालकको पदमा बहाल रहेको अवस्थामा समेत संस्थापक समूहको शेयर सर्वसाधारणमा परिणत गर्न सकिने छ।

तर, त्यस्तो खरिद बिक्री सम्बन्धी प्रक्रिया प्रचलित कानूनको अधीनमा रही गर्नु पर्नेछ।

(८) बीमकले संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तनको लागि स्वीकृत प्राप्त गरेपछि सर्वसाधारणको जानकारीको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

६. **धितोबन्धक सम्बन्धमाः** (१) बीमकको चुक्ता पूँजीको १ (एक) प्रतिशत वा सो भन्दा बढी संस्थापक शेयर भएका शेयरधनीले शेयर धितो राखी कर्जा लिनु परेमा बीमकको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको संस्थापक सेयर धारण गरेका संस्थापक वा संस्थापक समूहका सेयरधनीले आफूले धारण गरेको संस्थापक सेयर मध्ये ५० प्रतिशत भन्दा बढी सेयर धितो राखी कर्जा लिन पाउने छैन।

(३) संस्थापक शेयर धितोबन्धक राखी ऋण लिने अवधि एक वर्ष भन्दा बढी हुने छैन।

तर, कर्जा नविकरण गर्न भने बाधा पर्ने छैन।

(४) संस्थापक शेयर धितोबन्धक राखी एक पटक लिएको कर्जाको पुनर्मूल्याङ्कन, पुनर्संरचना तथा पुनर्तालिकीकरण गराउन पाउने छैन।

(५) संस्थापक समूहका शेयरधनीले तोकिएको अवधिमा ऋण चुक्ता नगरी कालोसूचीमा परेको अवस्थामा सो को जानकारी १५ (पन्ध्र) दिन भित्र बीमकले समितिलाई गराउनु पर्नेछ।

(६) संस्थापक समूहका शेयरधनीले शेयर धितोमा राखी ऋण लिएको विवरण बीमकले आफ्नो वित्तीय विवरणमा उल्लेख गर्नु पर्नेछ।

७. **हकप्रद सेयर सम्बन्धमाः (१)** सस्थापक समूह अन्तर्गतको बिक्री हुन नसकेको हकप्रद सेयर तत्काल कायम रहेका अन्य संस्थापकहरुलाई बिक्री गर्न सकिने छ। विद्यमान संस्थापकहरुमा समेत बिक्री हुन नसकेमा सेयर संख्या र औचित्यका आधारमा सार्वजनिक सूचना गरी बोलकबोल वा गोप्य शिलबन्दी टेण्डरको माध्यमबाट प्रचलित कानुन विपरित नहुने गरी संस्थापक समुहका सेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म कम्पनी तथा संगठित संस्थालाई तोकिए बमोजिमको सिमाभित्र रहने गरी बिक्री गर्न सकिनेछ।

८. **<u>हकप्रद शेयर हक हस्तान्तरण सम्बन्धमाः</u>** (१) बीमकको संस्थापक शेयरधनीले हकप्रद बापत पाउने शेयर उपयोग गर्न नचाहेमा हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र उक्त शेयर खरिद गर्न अन्य कुनै व्यक्तिलाई **अनुसूची-३** बमोजिमको ढाँचामा मनोनयन गर्न सक्नेछ।

(२) बीमकको चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीको हकमा सम्बन्धित बीमकले नै संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit and Proper Test) पूरा गरेका व्यक्तिलाई हक हस्तान्तरण गरी दिन सक्नेछ। चुक्ता पूँजीको १ प्रतिशत भन्दा बढी सेयर भएका सेयरधनीको हकमा यस समितिको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हकप्रदको मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनित गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम हकप्रद मनोनयन गर्ने शेयरधनीले सोही बीमकको अरु शेयरधनीको हकप्रद शेयर खरिद गर्न पाउने छैन।

९. **<u>संस्थापक शेयर कारोबार गर्न आवश्यक बन्देज अवधि (Locking Period):</u>** (१) बीमकको संस्थापक शेयरधनीले बीमक दर्ता प्रमाणपत्र प्राप्त भएको मितिले कम्तीमा पाँच (५) वर्ष सम्म त्यस्तो शेयर बिक्री नामसारी गर्न, धितोबन्धक राखी ऋण लिन वा हक हस्तान्तरण गर्न वा शेयर समूह परिवर्तन गर्न गराउन पाउने छैन।

तर, बीमकको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थिति श्रृजना हुन आएमा वा संस्थापक शेयरधनी संस्थालाई अन्य वित्तीय संस्थाले आफूमा गाभेमा वा प्राप्ति गरेमा वा शेयरधनीको मृत्यु भई हकवालामा नामसारी भइ जाने भएमा समितिको पूर्व स्वीकृति लिई नामसारी गर्न सक्नेछन्।

१०. **<u>संस्थापक शेयरमा लगानी सम्बन्धमाः</u>** (१) नेपाल सरकारको निर्णयबाट हुनेमा बाहेक कुनै व्यक्ति, एकाघर परिवार, समूह वा संगठित संस्थाले कुनै एक बीमकको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पूँजीको बढीमा १५ प्रतिशत र अन्य समान प्रकृतिको बीमा व्यवसाय गर्ने बीमकमा चुक्ता पूँजीको बढीमा १ प्रतिशत भन्दा घटी मात्र लगानी गर्न सक्नेछ ।

तर, नेपाल सरकारको ५०% वा सो भन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाको हकमा समितिको स्वीकृति लिई बढीमा २५% प्रतिशतसम्म एक भन्दा बढी बीमकमा संस्थापक शेयर लगानी गर्न बाधा पुगेको मानिने छैन।

(२) एकै प्रकारको बीमा व्यवसाय गर्ने विभिन्न बीमकमा कुनै व्यक्ति, एकाघर परिवार, फर्म, कम्पनी, वा संगठित संस्थाले उपदफा (१) बमोजिम तोकिएको सीमा भन्दा बढी लगानी गरेको संस्थापक वा संस्थापक समूहको शेयर दुई वर्ष भित्र बिक्री गरी सीमाभित्र कायम गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र तोकिएको सीमाभित्र कायम नरहेका बीमकका संस्थापक शेयरधनीलाई उक्त सीमाभित्र नआएसम्म सम्बन्धित बीमकबाट वितरण गर्ने नगद लाभांश तथा बोनस शेयर रोक्का राखी बीमकबाट जारी गरिने हकप्रद शेयरमा सहभागी हुन बन्देज लगाउन सकिने छ ।

**११.<u>विद्यमान शेयरधनीलाई प्राथमिकता दिनुपर्ने:</u>** (१) मृत्यु भई वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवन्डा भई हक हस्तान्तरण भएकोमा बाहेक संस्थापकले आफ्नै समूहका शेयरधनीलाई प्राथमिकता दिई शेयर बिक्री नामसारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थापक समूहमा शेयर नामसारी वा बिक्री हुन नसक्ने अवस्था भएमा मात्र अन्य व्यक्ति वा संस्थालाई यस निर्देशिकाको अधीनमा रही शेयर बिक्री गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम अन्य व्यक्ति वा संस्थालाई शेयर नामसारी वा बिक्री गर्नु पूर्व कायम संस्थापक शेयरधनीहरुले उक्त शेयर खरिद गर्न नचाहेको लिखित जानकारी लिनु पर्नेछ । सम्पूर्ण संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित बीमक मार्फत राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराई सो अवधि भित्र कसैले खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानूनको अधिनमा रही अन्य व्यक्ति वा संस्थालाई उपयुक्तताको जांच (Fit and Proper test) गरी शेयर बिक्री गर्न सकिने छ ।

(४) उपदफा (३) बमोजिम संस्थापक समूहको शेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्था संस्थापक समूहमा नै समावेश हुनेछन् ।

**१२.<u>धितोपत्र विनिमय वजारबाट कारोवार हुन सक्ने:</u>** (१) देहायको अवस्थामा संस्थापक समूहको न्यूनतम अनुपात कायम राखी बढी हुन आउने शेयर समितिको स्वीकृति लिई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापक शेयरको रूपमा संकेत 'P' राखी धितोपत्र विनिमय बजारबाट सिधै कारोवार गर्न सकिनेछ ।

(क) दफा **१०**बमोजिमको सीमा भन्दा बढी भई बिक्री (Divest) गरेको संस्थापक शेयर ।

(ख) दफा **१५** बमोजिम प्रति हिस्सेदारी (Crossholding)भई विक्री (Divest) भएको संस्थापक शेयर

(ग) यस अघि संस्थापक समूह कायम हुने गरी वितरण भएको अग्राधिकार शेयर ।

(२) उपदफा (१) बमोजिमका संस्थापक समूहको न्यूनतम अनुपात कायम राखी बढी हुन आउने शेयर नेपाल धितोपत्र विनिमय बजारमा संस्थापक समूहको शेयर ईकाईको संकेत राखी सूचीकरण गर्नु पर्नेछ। त्यसरी खरिद बिक्री हुंदा र पुनः खरिद बिक्री गर्दा खरिद गर्ने व्यक्ति/संस्था समेत संस्थापक समूहमा नै कायम रहने जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम शेयर खरिदकर्ताले देहाय बमोजिमका अतिरिक्त शर्त पालना गर्नु पर्नेछ।

(क) कर्जा सूचना केन्द्र लि .को कालोसूचीमा समावेश नभएको र

(ख) प्रचलित कानून तथा यस समितिबाट जारी गरिएका निर्देशन बमोजिम संस्थापक समूहको सेयर खरिद गर्न अयोग्य नभएको स्वःघोषणा (Self Declaration) आवेदन पेश गरेको।

**१३.संस्थापक शेयर खरिद/ बिक्रीको लागि अयोग्यताः** (१) बीमकले देहायको कुनै पनि व्यक्ति वा संस्थासँग संस्थापक शेयर कारोबार (खरिद बिक्री) गर्न पाउने छैनः

(क) कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको मितिले कम्तिमा एक वर्ष पूरा नभएको,

(ख) बीमकको आन्तरिक वा बाह्य लेखापरीक्षकमा बहाल रहेको,

(ग) बीमकको कानूनी वा अन्य सल्लाहकार पदमा बहाल रहेको,

(घ) बीमकसँग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको,

(ङ) प्रचलित कानून बमोजम कर चुक्ता प्रमाणपत्र प्राप्त नगरेको वा स्थायी करदाता लेखा नम्बर नियमित नगरेको,

(च) बीमकको काम कारबाहीमा बेइमानी वा बदनियत पूर्ण कार्य गरी अदालतबाट कसूरदार ठहरिएको,

(छ) खरिदकर्ता संस्था भएमा उक्त संस्थाको कार्य उद्देश्यमा शेयर खरिद बिक्री गर्न पाउने उल्लेख नभएको,

(ज) खरिदकर्ता संस्था भएमा उक्त संस्था विगत २ (दुई) वर्षदेखि सञ्चित मुनाफामा सञ्चालनमा नरहेको,

(झ) सम्पत्ती शुध्दिकरण तथा आतंकबादी क्रियाकलाप संग सम्बन्धित कानून तथा निर्देशिका बमोजिम पेश गर्नुपर्ने विवरण, कागजात पेश नगरेमा,

(ञ) संस्थापक शेयर खरिदकर्ताले लगानी गर्दा बैंक तथा वित्तीय संस्थाबाट ऋण तथा सापटी लिई लगानी गरेको,

(ट) धितोपत्र दलाल वा बजार निर्माता वा सहकारी संस्था,

(ठ) संस्थापक शेयर खरिद बिक्री पछि कायम हुन आउने कूल संस्थापकहरुमध्ये एक तिहाई सदस्यहरु स्नातक वा सो सरहको योग्यता प्राप्त हुनुपर्नेमा सो अवस्था विद्यमान रहन नसक्ने देखिएको,

(ड) बीमकको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदासम्म वा त्यस्ता व्यक्ति आफ्नो पदबाट मुक्त भएको मितिले कम्तिमा एक वर्ष पूरा नभएको,

(ढ) शेयर कारोबार गर्दा बीमकको चुक्ता पूंजीको पन्ध्र प्रतिशत भन्दा बढी शेयर स्वामित्व कायम हुन जाने देखिएको,

(ण) **अनुसूची-** ४ बमोजिमको ढाँचामा सम्पूर्ण विवरण प्राप्त नभएको।

**१४.स्वीकृति कायम हुने अवधिः** (१) बीमकले आफ्नो संस्थापक समूहको शेयर कारोबार गर्न समितिबाट स्वीकृति लिएको मितिले तीन महिना भित्र त्यस्तो कारोबार सम्पन्न गरी सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र कारोबार सम्पन्न नगरेमा उक्त स्वीकृति स्वतः रद्द हुनेछ।

(३) यस्तो स्वीकृतिको म्याद विशेष कारणबस रद्द हुने अवस्था श्रृजना भएमा त्यस्तो कारण उल्लेख गरी बीमकले पुनः स्वीकृतिको लागि माग गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनको व्यहोरा मनासिव देखिएमा समितिले एक पटक मात्र १ (एक) महिनाको लागि त्यस्तो स्वीकृति प्रदान गर्न सक्नेछ।

(५) समितिबाट तोकिएको न्यूनतम चुक्ता पूँजी नपुर्याएको, बीमकको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण नभएको वा त्यस्तो वित्तीय विवरण स्वीकृत नभएको खण्डमा बीमकको संस्थापक शेयर कारोबार गर्ने स्वीकृति रोक्न सकिनेछ।

## परिच्छेद – ३

## प्रति हिस्सेदारी सम्बन्धी व्यवस्था

**१५.प्रति हिस्सेदारी (Crossholding)** (१) एकै किसिमको बीमा व्यवसाय गर्ने बीमकहरूले आपसमा प्रति हिस्सेदारी (Crossholding) हुने गरी संस्थापक सेयरमा लगानी भएको तथा एकै समूह वा व्यक्ति वा एकाघरका परिवारले एक वा सो भन्दा बढी एकै किसिमको बीमा व्यवसाय गर्ने बीमकमा सीमा भन्दा बढी लगानी गरेको रहेछ भने सो सीमा भन्दा बढी लगानी गरेको संस्थापक समूहको सेयर दुइ बर्ष भित्र बिक्री (Divest) गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिक्री (Divest) नभएसम्म संस्थापक शेयर धारकले त्यस्ता बीमकबाट वितरण हुने नगद लाभांश, बोनस शेयर र हकप्रद शेयरमा सहभागी हुन पाउने छैन।

(३) एउटै समूह वा व्यक्तिको सीमाभन्दा बढी हुन आउने संस्थापक शेयर तथा प्रति हिस्सेदारी (Crossholding) भएको शेयर बिक्री (Divest) गरेपछि रोक्का राखिएको बोनस शेयर र नगद लाभांश फुकुवा गरिनेछ।

(४) उपदफा (१) बमोजिम विक्री (Divest) गरी तोकिएको सीमा भित्र कायम नभएमा त्यस्तो बीमकहरूलाई एकापसमा गाभ्न/गाभिन निर्देशन दिन सकिनेछ।

(५) एउटै समूह वा व्यक्तिको सिमाभन्दा बढी हुन आउने संस्थापक शेयर तथा प्रति हिस्सेदारी (Crossholding) भएको संस्थापक शेयर नामसारी वा बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्ने अनिवार्यता हुने छैन।

(६) शेयर खरिद बिक्री सम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया प्रचलित कानून बमोजिम नै हुने र यसरी शेयर खरिद गर्ने व्यक्ति / संस्थाहरु सम्बन्धित संस्थापक समूहमै रहनेछ।
तर, सम्बन्धित संस्थापकहरुले चाहेको खण्डमा हकप्रद शेयर हक हस्तान्तरण गर्न बाधा पु-याएको मानिने छैन।

**स्पष्टिकरण** -यस दफाको प्रयोजनका लागि"**प्रतिहिस्सेदारी**" भन्नाले एक किसिमको बीमा व्यवसाय गर्ने बीमकले अर्को समान किसिमको बीमा व्यवसाय गर्ने बीमकको संस्थापक वा सर्व साधारण समूहको शेयरमा एकआपसमा लगानी गरेको अवस्थालाई सम्झनु पर्छ र सो शव्दले कुनै एकै व्यक्ति वा एकाघरका परिवार वा व्यापारिक समूहले एक वा सो भन्दा बढी समान किसिमको बीमा व्यवसाय गर्ने बीमकको संस्थापक वा सर्वसाधारण वा दुवै प्रकारका शेयरमा लगानी गरेको अवस्था समेतलाई जनाउँछ।

परिच्छेद – ४

## विविध

**१६.कालोसूचीमा रहेको बखतमा हुने कारोबार सम्बन्धमा:** संस्थापक शेयर बिक्रीकर्ता वा संस्थापक समूहमा रहेको शेयर अंश सर्वसाधारण शेयरमा परिणत गरी बिक्री गर्ने व्यक्ति तथा संस्थाले शेयर बिक्री वा परिणत गर्न निवेदन दिएको बखतमा कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा रहेको भए निजको शेयर बिक्री अनिवार्य रुपमा कर्जा चुक्ता गर्ने प्रयोजनको लागि प्रयोग गरिने प्रमाण सहित संलग्न गरी समितिमा पेश गर्नु पर्नेछ। कालोसूचीमा रहे नरहेको व्यहोरा बीमकले नै यकिन गर्नुपर्नेछ।

१७.**समितिमा विवरण पेश गर्नु पर्ने:** बीमकले शेयर खरिद बिक्री गरी नयाँ कायम भएका संस्थापक शेयरधनी सहितको अद्यावधिक विवरण **अनुसूची- ५** बमोजिमको ढाँचामा प्रत्येक त्रैमास समाप्त भएको १५ दिन भित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

१८.**निर्देशन विपरित कारोबार गर्न नहुने:** संस्थापक समूहको शेयर खरिद बिक्री वा नामसारी गरी दिने लिने व्यक्ति वा संस्थाले यस निर्देशन विपरित हुने गरी शेयर खरिद बिक्री वा नामसारी गरेमा निजले आफ्नो स्वामित्वमा रहेको शेयर खरिद बिक्री वा नामसारी गरेको मितिले कम्तीमा पाँच वर्षसम्म निज कुनै पनि बीमकको संस्थापक तथा सञ्चालक हुन योग्य हुने छैन।

१९.**बाधा अड्काउ फुकाउ:** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

२०.**खारेजी र बचाउ:** (१) बीमकको संस्थापक शेयर कारोबार (खरिद/ बिक्री) गर्ने सम्बन्धमा समितिको निर्देशन, २०६५ खारेज गरिएको छ।

(२) बीमकको संस्थापक शेयर कारोबार (खरिद/ बिक्री) गर्ने सम्बन्धमा समितिको निर्देशन, २०६५ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची- १

## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## संस्थापक शेयर बिक्री गर्दा बिक्रीकर्ताबाट चाहिने कागजातहरु:

| क्र.स. | कागजातहरु | भए/ नभएको |
|---|---|---|
| १ | बीमकको संचालक समितिको निर्णय | |
| २ | नागरिकता | |
| ३ | कर चुक्ता प्रमाणपत्र | |
| ४ | डिम्याट एकाउन्ट विवरण | |
| ५ | संस्थाको हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी प्यान, दर्ता नं. | |
| ६ | कालोसूचीमा नपरेको कागजात | |

- सम्पूर्ण कागजात प्रमाणित हुनु पर्ने

# संस्थापक शेयर खरिद गर्दा खरिदकर्ताबाट चाहिने कागजातहरु:

| क्र.स. | कागजातहरु | भए/ नभएको |
|---|---|---|
| १ | बीमकको संचालक समितिको निर्णय | |
| २ | नागरिकता | |
| ३ | कर चुक्ता प्रमाणपत्र | |
| ४ | कालोसूचीमा नपरेको कागजात | |
| ५ | आयश्रोत खुल्ने कागजात | |
| ६ | समितिबाट तोकिएको विवरण फाराम (अनुसूची ४ ) | |
| ७ | संस्थाको हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी प्यान, दर्ता नं, वित्तीय विवरण | |
| ८ | हकप्रद हक हस्तान्तरणको हकमा हकप्रद मनोनयन पत्र | |
| ९ | खरिद पश्चात व्यक्ति, एकाघरको परिवार, समूह, संस्थाको नाममा चुक्ता पूंजीको १५% धारण नकट्ने व्यहोराको पत्र | |

- सम्पूर्ण कागजात प्रमाणित हुनु पर्ने

## अनुसूची- २

## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## मृत्यु नामसारी गर्दा चाहिने कागजातहरु:

| क्र.स. | कागजातहरु | भए/ नभएको |
|---|---|---|
| १ | बीमकको संचालक समितिको निर्णय | |
| २ | मृत्यु दर्ता प्रमाणपत्र | |
| ३ | मृतक सँगको नाता प्रमाणित पत्र | |
| ४ | परिवार सदस्यको मंजुरीनामा | |
| ५ | नामसारी भइ जाने व्यक्तिको कर चुक्ता प्रमाणपत्र | |
| ६ | नामसारी भइ जाने व्यक्ति कालोसूचीमा नपरेको कागजात | |
| ७ | नामसारी भइ जाने व्यक्तिको नागरिकता | |
| ८ | समितिबाट तोकिएको विवरण फाराम (अनुसूची ४ ) | |
| ९ | नामसारी पश्चात व्यक्ति, एकाघरको परिवार, समूहको नाममा चुक्ता पूंजीको १५% धारण नकट्ने व्यहोराको पत्र | |

- सम्पूर्ण कागजात प्रमाणित हुनु पर्ने

# संस्थापक शेयर नामसारी (अंशबण्डा/ बकस) गर्दा चाहिने कागजातहरुः

| क्र.स. | कागजातहरु | भए/ नभएको |
|---|---|---|
| १ | बीमकको संचालक समितिको निर्णय | |
| २ | अंशबण्डा/ बकस खुलेको विवरण पत्र | |
| ३ | दुबै पक्ष कालोसूचीमा नपरेको व्यहोराको पत्र | |
| ४ | दुबै पक्षको कर चुक्ता प्रमाणपत्र | |
| ५ | दुबै पक्षको नागरिकता | |
| ६ | समितिबाट तोकिएको विवरण फाराम (अनुसूची ४ ) | |
| ७ | नामसारी पश्चात व्यक्ति, एकाघरको परिवार, समूह, संस्थाको नाममा चुक्ता पूंजीको १५% धारण नकट्ने व्यहोराको पत्र | |

- सम्पूर्ण कागजात प्रमाणित हुनु पर्ने

# संस्थापक शेयर नामसारी (घरायसी) गर्दा चाहिने कागजातहरु:

| क्र.स. | कागजातहरु | भए/ नभएको |
|---|---|---|
| १ | बीमकको संचालक समितिको निर्णय | |
| २ | घरायसी नामसारीको पुष्ट्याइँ हुने कागजात / परिवारको सदस्यको मंजुरीनामा | |
| ३ | दुबै पक्ष कालोसूचीमा नपरेको व्यहोराको पत्र | |
| ४ | दुबै पक्षको कर चुक्ता प्रमाणपत्र | |
| ५ | दुबै पक्षको नागरिकता | |
| ६ | समितिबाट तोकिएको विवरण फाराम (अनुसूची ४ ) | |
| ७ | नामसारी पश्चात व्यक्ति, एकाघरको परिवार, समूह, संस्थाको नाममा चुक्ता पूंजीको १५% धारण नकट्ने व्यहोराको पत्र | |

- सम्पूर्ण कागजात प्रमाणित हुनु पर्ने

# अनुसूची- ३
## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

### शेयरधनीहरुले आफूले पाएको हक अरु कसैलाई मनोनयन गर्दा सम्बन्धित बीमक समक्ष दिनुपर्ने निवेदनको ढाँचा

श्री संचालक समिति
.........................
..........................

त्यस संगठित संस्थाको प्रति शेयर ........... अंकित मूल्यको शेयर संख्या नम्बर .............. देखि ................सम्मको मेरो÷हाम्रो नाममा कायम रहेको ................ कित्ता शेयर वापत प्राप्त हुने ......... कित्ता हकप्रद शेयर खरीद गर्ने हक मध्ये ............ कित्ता हकप्रद शेयर खरीद गर्न ............................. बस्ने .................................. ले खरीद गर्न पाउने गरी मनोनयन गरी पठाएको छु/छौं। निजले मैले/हामीले मनोनयन गरेको संख्यामा हकप्रद शयर खरिद गर्न संगठित संस्थाले तोकिदिएको प्रकृया पूरा गरी हकप्रद शेयर खरीद गरेमा मेरो/हाम्रो मंजुरी छ। पछि मेरो/हाम्रो हकको शेयर अरुले खरीद गर्न पाउने होइन वा मेरो हक मनोनयन गरेको होइन/छैन भनी कही कतै उजुर गर्ने छैन/छैंनौं , गरे यसै कागजले बदर होस भनी माथि उल्लिखित शेयर निजले आफ्नो नाममा खरीद गर्न पाउने गरी व्यवस्था गरिदिन अनुरोध गरेको छु /छौं। व्यहोरा सत्य छ झुठ्ठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**हक मनोनयन गरिदिने शेयरधनीको विवरण**
नाम, थरः
ठेगानाः
वावुको नामः
बाजेको नामः
दस्तखतः

**मनोनीत व्यक्तिको विवरण**
नाम, थरः
ठेगानाः
वावुको नामः
बाजेको नामः
दस्तखतः

---

**कार्यालय प्रयोजनको लागि**

माथि उल्लिखित हक मनोनयन गरिदिने शेयरधनीको दस्तखत प्रमाणित गर्ने बीमक, ..................... लिमिटेडको अधिकारीकोः
नामः
पदः
दस्तखतः

................ लिमिटेडको छाप

## अनुसूची- ४

## (दफा १३ को उपदफा (१ण) सँग सम्बन्धित)

१. **पूरा नाम, थर**:

२. **जन्म मिति**:

३. **जन्म स्थान**:

४. **नागरिकता**: (क) प्रमाण पत्र नं. (ख) जारी भएको स्थान**:** (ग) जारी भएको स्थान**:**

५. **पूरा ठेगाना**:

(क) स्थायी**:** (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

(ख) अस्थायी**:** (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

६. **हालको पेशा**:

(क) कार्यालयको नाम**:**

(ख) ठेगाना**:**

(ग) व्यवसायको प्रकृति/ काम**:**

(घ) पदको नाम**:**

(ङ) टेलिफोन/फ्याक्स/ईमेल**:**

७. **वैवाहिक स्थिति**:

(क) विवाहित/अविवाहित/सम्बन्ध विच्छेद भई अलग बसेको:

(ख) विवाहितको हकमा पति÷पत्नीको नाम:

(ग) पति/पत्नीको पेशा:

(घ) आश्रितहरुको विवरण:

| पुरा नाम | सम्बन्ध | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|
| | | | |
| | | | |

(क) बाबुको नाम:
ठेगाना:
पेशा:

(ख) बाजेको नाम:
ठेगाना:
पेशा:

**८. शैक्षिक योग्यता**:

| | संस्थाको नाम, ठेगाना | अध्ययन वर्ष | विषय | उपाधि लिएको मिति |
|---|---|---|---|---|
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |
| विद्यावारिधि | | | | |
| पेशागत उपाधि | | | | |

| | | | | |
|---|---|---|---|---|
| अन्य | | | | |
| (क) | | | | |
| (ख) | | | | |

**९. रोजगारी/अनुभव/तालिमको अभिलेख (विगत ५ वर्षको)**

| **संस्थाको नाम, ठेगाना** | **अवधि** | | **काम छोड्नुको कारण** |
|---|---|---|---|
| | | | |
| | | | |

१०. **पेशागत** (Professional) **विषयमा काम गर्ने इजाजत सम्बन्धि विवरण**:

(क) इजाजतको प्रकृति**:**

(ख) इजाजत लिएको मिति**:**

(ग) इजाजत नम्बर**:**

(घ) इजाजत दिने संस्था र ठेगाना**:**

११. **व्यवसायिक क्षमताको आधारमा, बीमा समितिबाट निरीक्षण तथा अनुगमन गर्नुपर्ने संस्थामा काम गरेको भए सोको विवरण**:

(क) संस्थाको नाम**,** ठेगाना**:**

(ख) कामको प्रकृति**:**

(ग) सम्बन्धित संस्थापक हुनको लागि दिएको स्वीकृति पत्र**:**

१२. **बीमा अभिकर्ता, सर्भेयर तथा दलाल भए सोको विवरण**:

१३. *कुनै बीमकसँग तपाईको कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस् ?*

**१४. मैले र मेरो एकाघर परिबारले यो विमकमा यस कारोबार अघी देहाय वमोजिमको रकम लगानी गरेको छु/ छ।**

क. संस्थामा लगानी गरेको रकम रु...... ..... ....... (अक्षरेपी.............. .............. ...)।

ख. बीमकको कुल जारी पुँजीको प्रतिशत .................। यो शेयर यस विमकको चुक्ता पुँजीको १५ प्रतिशत भन्दा बढी छैन।

१५. **निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस्**

(क) तपाईको विरुद्धमा कुनै अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ? ☐ छ ☐ छैन

(ख) तपाईले कानून उल्लंघन गरेको कारणबाट सजाय पाउनु भएको छ ? ☐ छ ☐ छैन

(ग) तपाई संलग्न भएको कुनै संस्था टाट पल्टेको छ ? ☐ छ ☐ छैन

(घ) तपाई वा तपाईले काम गरेको वा संचालक भएको वा तपाईंले ५ (पाँच) प्रतिशत भन्दा बढी शेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ, छैन। ☐ छ ☐ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तिन वर्ष पुरा भएको छ ? ☐ छ ☐ छैन

(ङ) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ ? ☐ छ ☐ छैन

(च) तपाईं अन्य बीमकको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ? ☐ छ ☐ छैन

(छ) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ ? ☐ छ ☐ छैन

(ज) तपाई प्रचलित कानून वमोजिम दामासाहीमा पर्नु भएको छ ? ☐ छ ☐ छैन

(झ) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ ? ☐ छ ☐ छैन

(ञ) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा रोजगार वा व्यवसाय गर्न रोक लगाइएको छ ? ☐ छ ☐ छैन

(ट) तपाईले यस समितिबाट दर्ता प्रमाण पत्र प्राप्त अन्य वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गर्नुभएको छ ? ☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस)

१६. **प्रस्तावित बीमकको शेयर खरीद गर्ने विवरण**:

(क) खरिद गर्न लागेको शेयार संख्या

(ख) शेयर खरिद गर्न लाग्ने रकम रु ........... (अक्षरुपी ......................)

(ग) कूल चुक्ता पूँजीको प्रतिशत

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हो। कुनै पनि विषयमा जाँचबुझ तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ। झुठो भएमा यसैका आधारमा खरिद गर्न बीमकले स्वीकृति नदिएमा वा मेरो  विरुद्ध कानूनी कारवाही गरेमा समेत मेरो मञ्जुरी छ।

दस्तखत**:**

नाम**:**

मिति**:**

ठेगाना**:**

टेलिफोन**:**

# अनुसूची- ५

(दफा १७ सँग सम्बन्धित)

## बीमक कम्पनी

## ठेगाना

## संस्थापक शेयरधनीहरुको शेयर होल्डिङ्ग विवरण

| क्र.स. | शेयरधनीको नाम | शेयरधनीको एकाघर परिवारको सदस्यको नाम | शेयर संख्या | जम्मा शेयर संख्या | चुक्ता पूँजीको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | १.<br>२.<br>३. | | | | |
| २. | | १.<br>२.<br>३. | | | | |
| ३. | | १.<br>२.<br>३.<br>४. | | | | |